# आगामी ३ वर्षको मध्यमकालीन खर्च संरचना स्वीकृत

■ सौर्य समाचार



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बिहीबार बसेको राष्ट्रिय योजना आयोगको पूर्ण बैठकले आगामी ३ आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना स्वीकृत गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम आर्थिक वर्ष २०८२/०८३–२०८४/८५ सम्म त्रिवर्षीय मध्यमकालीन संरचनाको वार्षिक विकास कार्यक्रम स्वीकृत गरेको हो ।

सोही खर्च संरचनाभित्र आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक आयव्ययको विवरण समाहित हुनेछ । बैठकले बजेट तर्जुमा प्रक्रियालाई थप व्यवस्थित बनाउन आगामी आर्थिक वर्षदेखि राष्ट्रिय स्रोत अनुमान समितिबाट निर्धारित स्रोत अनुमान तथा सीमाका आधारमा आयव्ययको अनुमान तयार हुनुअगावै अन्तिम रुप दिई अर्थ मन्त्रालयमा पठाउन आवश्यक तयारी गर्ने निर्णय पनि गरेको छ ।

आयोगका उपाध्यक्ष शिवराज अधिकारीले आगामी ३ आर्थिक वर्षको स्रोत अनुमान तथा प्रक्षेपण, आयोजनाको विश्लेषण र प्राथमिकीकरणसहितको विवरण प्रस्तुत गर्दै आर्थिक अनुशासनसहितको विकासमा जोड दिन सबै मन्त्रालयलाई बुझाउने काम भइरहेको जानकारी गराए ।

# मन्त्रिपरिषद्को कार्यालयलाई 'सेन्टर अफ एक्सिलेन्स'को रूपमा विकास गरिने

■ सौर्य समाचार



काठमाडौं । सरकारले सार्वजनिक सेवाको प्रभावकारिता बढाउन र विकासलाई नतिजामुखी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई 'सेन्टर अफ एक्सिलेन्स'को रूपमा विकास गर्ने भएको छ । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्दै नेपालको संविधानमा उल्लेखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीअनुरूप कार्य विस्तृतीकरण प्रतिवेदन पुनरावलोकन गरिने बताए । ३ तहका कानुनबीच कार्यक्षेत्रगत तादत्म्यता र एकरूपता कायम गर्न मौजुदा कानुनमा सुधार गर्ने र उच्चस्तरीय शासकीय सुधार आयोगको मार्गदर्शनमा नीतिगत, कानुनी तथा संस्थागत सुधार गर्ने सरकारको योजना छ ।

सङ्घीय निजामती सेवा विधेयक संसद्को चालु अधिवेशनबाट पारित गरिने भएको छ । त्यसबाट राष्ट्रसेवकको सेवा शर्तमा एकरूपता र वृत्तिविकासमा सुनिश्चितता कायम हुने सरकारको विश्वास छ । बजेट वक्तव्यमा भनिएको छ, 'सार्वजनिक सेवामा विद्यमान सूचना प्रविधि प्रणालीबीच अन्तरआबद्धता कायम गरिनेछ । नागरिक एपको क्षमता विस्तार गरिनेछ, सार्वजनिक सेवालाई नागरिक एपमा आबद्ध गरी सरल, सहज र मितव्ययी बनाइनेछ । सबै सरकारी निकायका विद्युतीय सूचनालाई एकीकृत गरी सुरक्षित भण्डारणको व्यवस्था मिलाइनेछ ।'

सार्वजनिक सेवा प्रवाहलाई सरल, पहुँचयोग्य र गुणस्तरीय बनाउन सूचना प्रविधिको उच्चतम् उपयोग गरिनेछ । बैंक, बिमा, दूरसञ्चार, धितोपत्रलगायत सबै प्रकारका सार्वजनिक तथा वित्तीय कारोबारमा राष्ट्रिय परिचयपत्रको प्रयोग गर्ने र राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणालीको सेवा प्रयोग गर्दा शुल्क नलाग्ने व्यवस्था गरिनेछ । विद्युतीय माध्यमबाट नागरिकता वितरण गर्ने प्रबन्धलाई प्रभावकारी बनाउने सरकारको योजना छ ।

कर्मचारी सञ्चयकोषलगायत अवकाश कोषहरूको अग्रसरता र निजी क्षेत्रको सहभागितामा सुलभ आवास कार्यक्रम सञ्चालन गर्ने सरकारको योजना छ । त्यसअन्तर्गत सातै प्रदेशका प्रमुख सहरी केन्द्रहरूमा एक लाख भवन तथा अपार्टमेन्ट निर्माण गरी निजामती, सुरक्षाकर्मी र शिक्षक कर्मचारीलाई सहुलियतपूर्ण ब्याजदर तथा किस्ताबन्दीमा उपलब्ध गराउने सरकारले व्यवस्था गरेको छ । मतदाता परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरी निर्वाचनको विश्वसनीयता अभिवृद्धि गर्ने र त्यसको सुरूआत काठमाडौं उपत्यकाबाट गर्ने सरकारको योजना छ ।

# राजावादीको अनिश्चितकालीन आन्दोलनमा दुर्गा प्रसाईंको समूह सहभागी नहुने



■ सौर्य समाचार

काठमाडौं । जनआन्दोलन समितिको संयोजन र राप्रपाको नेतृत्वमा गणतन्त्र दिवसकै दिन बिहीबारबाट सुरु भएको अनिश्चितकालीन आन्दोलनमा दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' सहभागी नहुने भएको छ । राप्रपासहित राजावादी समूहले सुरु गरेको उक्त आन्दोलनमा आफूहरूको सहकार्य नरहेको सो अभियानका केन्द्रीय सचिव प्रेमदीप लिम्बूले विज्ञप्तिमार्फत जनाएका छन् ।

'जेठ १५ गतेको आन्दोलन राप्रपा नेतृत्वको जनआन्दोलन भएकाले हाम्रो सहकार्य नरहेकोले सहभागी नहुन अनुरोधसहितको निर्देशन गर्दछौं,' लिम्बूले जारी गरेको विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा आन्दोलनको क्रममा कुनै घटना भएको खण्डमा आफ्नो अभियानले कुनै पनि जिम्मेवारी नलिने पनि विज्ञप्तिमा जनाइएको छ ।

# गोठ सुधार गरेपछि पशुचौपायामा संक्रामक रोग घट्दै

■ सौर्य समाचार

कञ्चनपुर । यहाँको शुक्लाफाँटा नगरपालिका–१ गणेशपुरकी मीना बिष्टको गोठमा गाईभैंसीको मलमुत्र निकासको राम्रो प्रबन्ध गरिएको छ । गोठ सुधार गरिएपछि गाईभैंसीमा विगतमाझैं संक्रामक रोग देखिन छाडेको छ ।

दुध उत्पादन पनि वृद्धि भएको छ । 'पम्परागत गोठमा पशु चौपायाको मलमुत्र व्यवस्थापन नहुँदा दुर्गन्धित हुन्थ्यो,' विष्टले भनिन्, 'गोबर र मुत्र माटोमा मिसिँदा हिलाम्मे हुन्थ्यो, अहिले पहिले जस्तो छैन ।'

गोठमा मल एकातर्फ र मुत्र ट्यांकीमा जम्मा हुने बनाइएको छ । गोठ सुधारका लागि तराई भूपरिधि कार्यक्रम (ताल) र सामुदायिक वन समन्वय समिति (सिएफसिसी) कञ्चनपुरले आर्थिक सहयोगसँगै दक्ष प्राविधिक व्यवस्था गरी गोठ सुधार गरिएका हुन् । सामुदायिक वन समन्वय समितिका अध्यक्ष महेशदत्त जोशीका अनुसार गणेशपुर गाउँका पशुपालक ६५ किसानको गोठ सुधार गरिएको हो । 'गोठ सुधारसँगै किसानलाई घाँस, चारो खुवाउन डुँड उपलब्ध गराएका छौं,' उनले भने, 'गोठमा लामखुट्टे, झिंगा, मुसा र परजीविको समस्या हट्दा पशु मात्रै नभएर किसानलाई पनि संक्रामक रोगको समस्या घटेको छ ।'

उनका अनुसार सुधारिएको गोठबाट संकलित गोबर किसानले खेतबारीमा प्रयोग गर्ने गरेका छन् । पशु चौपायाको मलमुत्रमा नाइट्रोजन, पोटासलगायत पूर्ति हुने भएकाले किसानहरु रासायनिक मल खरिद गर्नुपर्ने झन्झटबाट मुक्त भएका छन् ।

'गोठ सुधार गर्नु भनेको संरचना बनाउनु मात्रै होइन,' सामुदायिक वन समन्वय समितिका निर्मल भट्टले भने, 'पशुपालन व्यवसायको समग्र उत्पादनशीलता वृद्धि र दिगोपन सुधार पनि हो ।'


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना १६ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय मानेभन्ज्याङबाट तपशिलमा उल्लेखित ऋणीले घर घडेरी कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

शिव लाल राईको नाति ढकल सिं राईको छोरा ओखलढुङ्गा जिल्ला मोली वडा नं. ८ हाल, मानेभन्ज्याङ गा.पा. वडा न. १ बस्ने **अर्जुन कुमार राई** (ना.प्र.नं. : ४१६०६/१६८८ जारी मिति र जिल्ला : २०५७/०९/१९, ओखलढुङ्गा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मौल बहादुर राईको छोरी ढकल सिं राईको बुहारी अर्जुन कुमार राईको पत्नी ओखलढुङ्गा जिल्ला मोली वडा नं. ८ हाल, मानेभन्ज्याङ गा.पा. वडा न. १ बस्ने **रचना राई** (ना.प्र.नं. : १३-०१-७१-०३६२२ जारी मिति र जिल्ला : २०७१/११/२६, ओखलढुङ्गा)

२) गगनध्वज राईको नाति शुभाने राईको छोरा ओखलढुङ्गा जिल्ला केतुके वडा नं. ६ हाल, मानेभन्ज्याङ गा.पा. वडा न. ४ बस्ने **दिनेश राई** (ना.प्र.नं. : १३१०५५/४६९ जारी मिति र जिल्ला : २०६९/०३/१७, ओखलढुङ्गा)

३) हेम राज राईको छोरी शुभाने राईको बुहारी दिनेश राईको पत्नी ओखलढुङ्गा जिल्ला केतुके वडा नं. ६ हाल, मानेभन्ज्याङ गा.पा. वडा न. ४ बस्ने **प्रमिला राई** (ना.प्र.नं. : १३१०५५/५३४ जारी मिति र जिल्ला : २०६९/११/०४, ओखलढुङ्गा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८०/०२/१९ को राजधानी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| अर्जुन कुमार राई | ओखलढुंगा जिल्ला मोली वडा नं. २ | २ | ३२९ | ५-१५-१-१ |
| | | | ३३८ | ०-११-३-३ |
| | | | ३४० | ८-६-०-० |
| | | | ४११ | २-८-०-२ |
| | | | ३४२ | ११-७-३-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०३/०५ गते बिहीबार यस बैंकको शाखा कार्यालय मानेभन्ज्याङ आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/०६ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय माने भन्ज्याङमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
कास्की, पोखरा

## प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/०२/१६

यस कार्यालयबाट मिति २०८१/१२/०६ मा प्रकासित तपसिल बमोजिमको निर्माण कार्यको लागि गरिएको बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार e–gp मार्फत मिति २०८२/०१/०७ सम्म रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र प्राविधिक प्रस्तावमा योग्य देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) को नियम ३१(ज) को उपनियम (५) बमोजिम तपसिलमा उल्लेख भएको मिति , समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| सि.नं. | ठेक्का नं. | कामको बिबरण | प्राविधिक मुल्याङ्कनमा छनौट भएका बोलपत्रदाताहरुको नाम |
|---|---|---|---|
| 1 | IDD/GANDAKI/ NCB/W/01/ 2081-82 | Design and Build of Kaligandaki River Motorable Bridge, Kalikhola Connecting Kushma MP-2 and Baglung MP-13 | 1. M/S BTNS-HITECH JV, Kathmandu<br>2. M/S Indreni Nirman Sewa Pvt.Ltd,Pokhara-7<br>3. M/S Muktinath-Amit JV, Pokhara-7, Kaski<br>4. M/S Shree Gita Construction, Syangja |
| आर्थिक प्रस्ताव खोल्ने मितिः २०८२/०२/२३ , समयः दिनको १:०० बजे, स्थानः पूर्वाधार विकास निर्देशनालय, कास्की, पोखरा | | | |



## एभरेष्ट बैंक लिमिटेड लेखनाथ शाखाको
## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको लेखनाथ शाखामा कायम रहेका निक्षेप/मुद्दती खातावालाहरुको मृत्यु भएको भनी विभिन्न मितिमा हकदावी निवेदन पर्न आएको हुँदा तपसिलमा उल्लेखित हकदार बाहेक अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अन्य कोही अग्राधिकारवाला हकदारहरुको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस लेखनाथ शाखामा हकदावी गर्न आउनु होला । अन्यथा उक्त रकम निवेदकहरुलाई भुक्तानी भई जानेछ । रित नपुगी र म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा अवगत गराउँदै सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | खाता नं. | खातावाला मृतकको नाम र तीन पुस्ते विवरण | ठेगाना | हकदाबी गर्ने व्यक्ति/नाता |
|---|---|---|---|---|
| १. | ०२४००५०१२०७४१३ (बचत खाता)<br>०२४००७०१२०२७६० (मुद्दती खाता) | **मृतक : टिकानाथ पौडेल**<br>बाबु : भद्रनाथ पौडेल<br>बाजे : शालिक राम पौडेल | कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २७ | विष्णु माया पौडेल (पत्नी) |
| २. | ०२४००५०१२०७१६१ | **मृतक : महेन्द्र कुमार पुन**<br>बाबु : **लाल बहादुर पुन**<br>बाजे : **टिके बहादुर पुन** | कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३० | धन कुमारी पुन (पत्नी) |

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
शाखा कार्यालय
लेखनाथ, कास्की
फोन नं.: ०६१-५६३७७७/५६३९७७
दिगो, दरिलो र विश्वासिलो



Mayadevi Rural Municipality
Office of Rural Municipal Executive
Barewa, Rupandehi
Lumbine Province, Nepal

**Invitation for Bids**

Invitation Bid No: 08/MRMUN/G/SQ-2081/82
Date of First Publication: 30th May, 2025

1. Mayadevi Rural Municipality, Barewa Rupandehi invites electronic bids from eligible bidders for the Supply and delivery of Woda Istariya Gas Cylinder Bitarayan at mayadevi rural municipality under Seal Quotation Bidding procedures. Only eligible bidders should participate in this bidding. The estimated amount for the works is Rs. (in NRs) 1999102.10 Including Vat and Ps.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.

Administrative Officer